प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय

# घरेलु तथा साना उद्योग कार्यालय

कोशी प्रदेश,इलाम नेपाल

प.स. ०८२/०८३
च.न. 650

मिति: २०८२/०८/१६

श्री नगर प्रमुख ज्यू
माई नगरपालिका, इलाम

विषय : आवश्यक सहयोग गरिदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा माई नगरपालिका भित्रबाट यस कार्यालयमा दर्ता रहेका उद्योग,फर्महरुको नविकरण, नामसारी, पुंजी बृद्धी लगायतका कार्य तथा नयाँ फर्म दर्ता सम्वन्धि १ दिने घुम्ति शिविर मिति २०८२-०८-२६ गते सन्चालन गरिने भएकोले उक्त कार्यक्रमको लागि सम्पूर्ण वडाहरुमा सूचना प्रवाह तथा अन्य आवश्यक सहयोग उपलब्ध गराईदिनुहुन सादर अनुरोध छ ।

श्री ... ज्यू
वडा कार्यालयहरु, उद्योग वाणिज्य संघ ... समिति FB, website मा सूचना प्रचार प्रसार गर्ने।
२०८२/०८/१६

............ २०८२/०८/१६
कार्यालय प्रमुख
टंक प्रसाद प्रसाई
कार्यालय प्रमुख (उपसचिव)

माई नगरपालिका
दर्ता नं.: ५५६/०८२/८३
दर्ता मिति: २०८२/०८/१६
दर्ता गर्नेको दस्तखत:

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
# घरेलु तथा साना उद्योग कार्यालय
कोशी प्रदेश इलाम नेपाल

प.स. ०८२/०८३
च.न.

मिति:२०८२/०८/१६

## घुम्ती शिविर सन्चालन सम्बन्धी सूचना ।

प्रस्तुत बिषयमा घरेलु तथा साना उद्योग कार्यालय इलामको आयोजनामा यस कार्यालयमा दर्ता रहेका **माई नगरपालिका** भित्रका उद्योग/व्यवसाय/व्यापारिक फर्महरुको दर्ता, नविकरण, पुँजी बृद्धि, नामसारी, खारेजी लगायतका कार्यहरु गर्नको लागि **घुम्ति शिविर** तपशिल बमोजिमको मिति, समय र स्थानमा सन्चालन गरीने भएकोले उक्त शिविरमा उपस्थित भई सेवा लिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल –

१। शिविर सन्चानल हुने मिति - २०८२-०८-२६ गते शुक्रबार

२। शिविर हुने स्थान – **माई नगरपालिकाको कार्यालय, शितली इलाम**

३। समय – बिहान १० बजे देखि साँझ ४ बजे सम्म।

अन्य जानकारीको लागि – किरण कार्की-९८५२६८६०२३, निरोज राई ९८६१५७८७५४ मा सम्पर्क गर्न सक्नुहुने छ ।

२०८२/०८/१६
कार्यालय प्रमुख
टंक प्रसाद प्रसाई
कार्यालय प्रमुख (उपसचिव)

फोन : ०२७-५२३०२३, इमेल : ilamcsidb@gmail.com

**शिविरमा उद्योग दर्ता गर्दा आवश्यक पर्ने कागजातहरु :**

१. उद्योग दर्ता गर्नेको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

२. सम्बन्धित नगर/गांउ पालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र र सम्बन्धित वडाको रोहवरमा पुर्व पश्चिम उत्तर दक्षिणका सधियारहरुले मन्जुरी दिएको सर्जमिन मुचुल्का (कार्यालयको ढाँचामा) सम्बन्धित वडा कार्यालयबाट प्रमाणित

३.उद्योग रहने स्थानको जग्गाको फोटोकपि ।

४. जग्गा आफ्नो नाममा नभएमा सम्बन्धीत जग्गा धनिको मन्जुरीनामा वा भाडामा भएमा भाडा सम्झौता पत्र । (भाडा सम्झौता तथा मन्जुरीनामा मा कम्तीमा ५ बर्षको करार अवधि तथा रकम खुल्नु पर्ने छ । )

५. पासपोट साईजको फोटो ३ प्रति

६.सम्बन्धित व्यक्ती सक्कल नागरिकता सहित स्वंम उपस्थित हुनुपर्ने ।

७. पुँजी अनुसार दर्ता दस्तुर बुझाउनु पर्ने छ ।

**शिविरमा बाणिज्य फर्म दर्ता गर्दा आवश्यक पर्ने कागजातहरु :**

१. उद्योग दर्ता गर्नेको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

२. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

३. पासफोटो ३ प्रति ।

४. सम्बन्धित व्यक्ती सक्कल नागरिकता सहित स्वंयम उपस्थित हुनुपर्ने ।

७. पुँजी अनुसार दर्ता दस्तुर बुझाउनु पर्ने छ ।

**शिविरमा उद्योग /बाणिज्य फर्म नविकरण गर्दा आवश्यक पर्ने कागजातहरु :**

१.सक्कल दर्ता प्रमाणपत्र ।

२. करदाता कार्यालयमा कर तिरेको करचुक्ता वा कर तिरेको रसिद ।

३. पुँजी अनुसार नविकरण दस्तुर बुझाउनु पर्ने छ ।

**शिविरमा उद्योग/ बाणिज्य फर्म खारेजी गर्दा आवश्यक पर्ने कागजातहरु :**

१. सक्कल दर्ता प्रमाणपत्र ।

२. करदाता कार्यालयमा कर तिरेको करचुक्ता वा कर तिरेको रसिद ।

३. वडा कार्यालयको सिफारिस पत्र ।

४. नविकरण नगरेको भएमा पुँजी अनुसार लाग्ने दस्तुर बुझाउनु पर्ने छ ।

**शिविरमा उद्योग/ बाणिज्य फर्म नामसारी गर्दा आवश्यक पर्ने कागजातहरु :**

१. सक्कल दर्ता प्रमाणपत्र ।

२. करदाता कार्यालयमा कर तिरेको करचुक्ता वा कर तिरेको रसिद ।

३. वडा कार्यालयको सिफारिस पत्र ।

४. लिने दिने दुबै नागरिकता सहित स्वंयम उपस्थित हुनुपर्ने ।

५. पुँजी अनुसार नामसारी दस्तुर नयाँ दर्ता सरह लाग्ने छ ।

अन्य जानकारीको लागि – निरोज राई ९८६१५७८७५४, कार्यालय - ०२७५२३०२३ मा सम्पर्क गर्न सक्नुहुने छ ।

टंक प्रसाद प्रसाई

कार्यालय प्रमुख (उपसचिव)